

# सेल्टर र २०४६ को आन्दोलन

केशव बडाल
केन्द्रीय अनुशासन आयोग अध्यक्ष

सेल्टर शब्दले सामान्य अर्थमा आश्रय बुझाए तापनि यहाँ भन्न खोजिएको सेल्टरको अर्थ व्यापक छ। देशमा लोकतान्त्रिक गणतन्त्र स्थापित गर्न, सबै खाले निरङ्कुशतन्त्रको अन्त्य गर्न, कोही जन्मजात अधिकार सम्पन्न हुने र कोही शोषित र उत्पीडित हुने अवस्थाको अन्त्य गर्न २००६ सालमा कमरेड पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी स्थापना भयो। जनताको भावनालाई सम्बोधन गरेबापत, जनताका गीत गाएबापत, लेख–रचना, पर्चा–पम्प्लेट छापेर वितरण गरेबापत नेपाल आमाका धेरै सन्तानले जीवन गुमाउनु पर्‍यो। हाम्रो पार्टीसमेतको सक्रियतामा २००७ सालको क्रान्ति सफल भए पनि २००८ सालमै पार्टीमाथि प्रतिबन्ध लगाइयो। २०१३ सालमा मात्रै पार्टी खुला भयो। फेरि २०१७ पुस १ बाट हाम्रो पार्टी मात्र होइन, सबै पार्टी र सङ्घ/संस्था प्रतिबन्धित भए। श्रमजीवी जनताको आवाज उठाएबापत धेरै कमरेडले जीवन गुमाउनु पर्‍यो। यस्तो अवस्थालाई अस्वीकार गर्दै हाम्रो पार्टीले भूमिगत रूपले क्रियाशील हुने अठोट गर्‍यो। जबसम्म जनता सार्वभौमसत्ता सम्पन्न हुँदैनन्, तबसम्म एकदिन पनि थकाइ नमारीकन गणतन्त्र स्थापना गर्न, जनताकै प्रतिनिधिबाट संविधान निर्माण गर्न र जनतालाई रैतीबाट सम्मानित नागरिक बनाउने सङ्कल्प गर्‍यो। जनताकै घरमा आधार बनाएर, जनताले जे दिन्छन् त्यही खाएर, जनताकै आश्रयमा रहेर जनतालाई सचेत, सङ्गठित र सङ्घर्षशील हुन प्रेरणा दिँदै गतिविधि गर्न थाल्यो। छरिएर रहेका कम्युनिस्ट तथा वामपन्थी शक्तिलाई एकताबद्ध गर्दै महान् लक्ष्य प्राप्तिका लागि सबै खालका सुखसुविधालाई लत्याउँदै, घरबार र पेसा–व्यवसायसमेत त्याग्दै कतिपयले पूर्णकालीन र कतिपयले अल्पकालीन भएर हिँड्नुभयो। पार्टीले तय गरेको लक्ष्य हासिल गर्न हिँडेका कर्मशील योद्धाहरूलाई देशका अनेक भागका क्रान्तिकारी परिवारले आफ्नो घरमा सेल्टर दिनुभयो। आफ्नो गाँस काटेर खान दिनुभयो।

प्रतिक्रियावादी राज्यसत्ताद्वारा हुन सक्ने दमन, यातना र सबैखाले दण्ड व्यहोर्ने अठोट गर्नुभयो। सेल्टरदाताको त्यस्तो त्याग, समर्पण र योगदानलाई पार्टीले स्मरण गर्ने अठोट गरेको छ। स्मरण गर्ने मात्र होइन, सेल्टरदाताको योगदानलाई सम्मान गर्न र यो हीरक महोत्सवमा त्यसलाई अभिलेखीकरण गर्ने अठोट गरेको हो।

मेरो जीवनको ५० वर्ष सम्पूर्ण रूपले राष्ट्र, जनता र पार्टीका लागि समर्पित भयो। यस क्रममा देशका अनेक भागमा भूमिगत ढङ्गले काम गर्ने क्रममा आफू भोको बसेर पनि हामीलाई खान दिने, आफू जाडो सहेर पनि न्यानोमा हामीलाई बसाउने, आफू बैरीको घेरामा परेर पनि हामीलाई सुरक्षा दिन समर्पित हुने आमाबुवाहरू र आफ्नो जीवनको पर्वाह नगरीकन हाम्रो सुरक्षा गर्ने सेल्टरदाता कमरेडहरूको जति सम्मान गरे पनि थोरै हुन्छ।

२०३३ देखि हालसम्म पनि केन्द्रीय तहको जिम्मेवारीमा भएकाले देशका अनेक भागमा भूमिगत ढङ्गले क्रियाशील रहँदा सैयौँ सेल्टरदाताले योगदान गर्नुभयो। २०४१ सालबाट अखिल नेपाल किसान सङ्घको केन्द्रीय कोषाध्यक्षको रूपमा पनि भूमिगत ढङ्गले नै देशका अनेक भाग र भेगमा सम्पर्क, बैठक, भेला, अधिवेशन, महाधिवेशनहरूमा सहभागी भएँ। आफ्नो नाम, गाउँ, थर, ठेगाना सबै नै टेक नामबाट प्रस्तुत गर्नुपर्ने हुन्थ्यो। सेल्टरदाता आदरणीय आमा, बुवा, दाजुभाइ, दिदीबहिनीहरूले कुखुराको पोथीले चल्लालाई संरक्षण गरेजस्तै गरी पार्टी, क्रान्ति र परिवर्तनका लागि हिँडेकाहरूको संरक्षण गर्नुभयो। यो कष्टकर तर गौरवपूर्ण इतिहासलाई २०४६ सालको परिवर्तनपछि पार्टी जीवनमा सामेल हुनु भएका कमरेडहरूले गहन ढङ्गले अनुभूत गर्न जरुरी छ।

यस अवधिमा मैले प्रयोग गरेका सबै सेल्टरको ठेगाना र सेल्टरदाता बाआमाहरूको विवरण यहाँ सामेल गर्न सम्भव छैन। सबै सेल्टरदाता र परिवारको सम्झनालाई लिपिबद्ध गर्न थालेँ भने महाकाव्य तयार हुनेछ। सबै सेल्टर र सेल्टरदाता बा–आमालाई उच्च सम्मान गर्दै केही विशेष खालको अनुभूत भएका सन्दर्भहरू मात्रै यहाँ सामेल गर्न चाहन्छु।

### बर्दियाको राजापुरमा

बर्दियाको राजापुर एउटा छुट्टै टापुजस्तो स्थान हो। पश्चिममा कर्णालीपारि कैलाली, पूर्वमा कर्णालीको भँगालो र बीचमा कर्णाली नदीले वेष्ठित टापु राजापुर। त्यहाँ तत्कालीन सर्वहारावादी क्रान्तिकारी सङ्गठन नेपालको एउटा प्रशिक्षण भेला

तय गरिएको थियो। त्यो घर र वरिपरि समर्थकहरू भएकाले सुरक्षित ठहर गरिएको थियो। साँझपख डुङ्गा तरेर डा. डीबी सिंह र मलाई लिएर दिवाकर कमरेडले सेल्टरमा पुऱ्याउनुभयो। घरमूली बुवा डिल्लीराज उपाध्याय र आमा पद्मादेवी उपाध्याय हुनुहुन्थ्यो। भर्खरै १६–१७ वर्षका छोरा मधुसूदन शर्मा हुनुहुन्थ्यो। राती खाना खाएपछि करिब १५ जनाजति कमरेडहरूको उपस्थितिमा प्रशिक्षण सुरु भयो। कार्यक्रम राती २ बजेसम्म चल्यो। स्थानीय सहभागी कमरेडहरू आ–आफ्नो घरतर्फ लाग्नुभयो। घरमूली बुवा डिल्लीराज उपाध्यायले भावुक मुद्रामा भन्नुभयो, 'तपाईं प्रशिक्षकहरूको हाउभाउ र सहभागी कमरेडको हाउभाउ हेर्दा प्रशिक्षण अत्यन्त महत्त्वपूर्ण भएको मैले पनि अनुभूत गरेँ। तर म पटक्कै कान सुन्दिनँ। जसले गर्दा त्यो महत्त्वपूर्ण विचार सुन्न सकिनँ।' त्यति भनिरहँदा उहाँका आँखा रसाएर आए। हामीलाई पनि भावुक बनाउनुभयो। आमा पनि भावुक बन्नुभयो।

## छरिएर हुँदैन, विचार मिल्नेहरूबीच एकता गर्दै जानुपर्छ

२०३४ सालकै सुरुतिर पार्टीहरू छरिएर हुँदैन, विचार मिल्नेहरूबीच एकता गर्दै जानुपर्छ भनेर प्रवास र नेपालमा रहेका विभिन्न समूहबीच एकता वार्ता चलिरहेको थियो। त्यसबेलाको सेल्टर एक–दुई जना गएर बस्ने जस्तो थिएन। पञ्चहरू अलि उग्र ढङ्गले लागेका थिए। त्यस्तो अवस्थामा कडा वारेन्ट भएका, जेलब्रेक गरेर निस्केका नेताहरूसमेत भएकाले विशेष सतर्कता अपनाउनुपर्ने थियो। यसका लागि धेरै निधिखोजी गर्ने घर उपयुक्त हुँदैनथ्यो। यसका लागि बारा जिल्ला निजगढका माधव बडालको घर उपयुक्त ठहर भयो। केही कमरेडहरूले आमा हेमकुमारी बडाल निकै पाको र धार्मिक आस्थाकी भएकाले रूपलाल विश्वकर्मासमेतको बैठक बस्दा केही समस्या पर्छ कि भनेर कुरा उठाउँदा त्यस्तो समस्या नपर्ने प्रस्ट भयो। बैठकमा सर्वहारावादी क्रान्तिकारी सङ्गठन नेपालका तर्फबाट हरिराम शर्मा, डा डीबी सिंह, म, किसान सङ्घर्ष समूहका तर्फबाट रूपलाल विश्वकर्मा, चित्रबहादुर भण्डारी, कमरेड रोहितका तर्फबाट बुद्धिकुमार गोसाइं, धुव्र ढकालसमेत हुनुहुन्थ्यो। स्थानीय कमरेडहरू र माधव बडालको परिवार सम्पूर्ण रूपले प्रतिबद्ध भएकाले कार्यक्रम अत्यन्त हार्दिकतापूर्वक सम्पन्न भयो। यसरी सफल बनाउन आमा हेमकुमारी र दिदी नेत्रकुमारीको भूमिका उल्लेखनीय थियो। माथि कार्यक्रम भैरहेका बेला तल आफ्नै कामले आएका र अलिअलि कुरा बाहिर लान सक्ने सम्भावना भएका मानिसलाई आँगनबाटै अलमलाएर अन्तै पठाउने वातावरण आमा र दिदीले बनाउनु भयो।

## पार्टीकी आमा

हाल देवचुली नगरपालिकाका अधिकांश बस्तीमा सर्वहारावादी क्रान्तिकारी सङ्गठन नेपाल (प्रोन)को अत्यन्त राम्रो प्रभाव थियो। लेखनाथ घिमिरेकी आमा शिवकुमारी घिमिरेलाई आमरूपमा सबैले 'पार्टीकी आमा' भन्ने गर्थ्यौं। त्यस भेगका बिनबहादुर घर्तीमगर, ज्ञानप्रसाद लुइँटेल, हरिशङ्कर पहाडी, हरिलाल वाग्ले, दिलवा महतो, टीकाराम पोखरेल, धनबहादुर केसी, शिवराम गुरुङ, काशीनाथ पोखरेल, तिलप्रसाद पाठक, भोजराज पाठक, धर्मकला खपाङ्गी मगर, हेमराज घर्ती, चन्द्र महतो, नन्दलाल चापागाईं, अशोक कर्माचार्य, गङ्गा गुरुङ, धनिराम थनेत लगायतका जुझारु कमरेडहरू हुनुहुन्थ्यो। प्रायः सबैको घर पार्टीकै घरजस्तो थियो। जतिखेर गए पनि, जति बसे पनि झिँजो नमान्ने भरोसिला सेल्टर थिए। २०३२ देखि २०४० सम्म पश्चिमतर्फको कार्यक्रममा जाँदा–आउँदा पार्टीकी आमाकोमा नगईकन मन मान्दैनथ्यो।

एकपटक बर्दियादेखि विभिन्न जिल्लामा काम गर्दै अत्यन्त थकित भएर पार्टीकी आमाको घरमा पुगियो। हल्का ज्वरो, अत्यन्त मैला लुगा, मलिन अनुहार, दुब्लो ख्याउटे हालतमा म पुगेको थिएँ। त्यसबेला उहाँले मलाई गरेको सम्बोधन ठ्याक्कै जन्मदिने मेरी आमाको जस्तो थियो। उहाँले भन्नुभयो, 'ए, तँ त मर्न आँटिस् कि क्या हो ? यस्तै हालतमा क्रान्ति हुन्छ ? ज्यान नै भएन भने कसरी क्रान्ति गर्छौ ?' उहाँले निधार छाम्नुभयो। मैले उहाँको अनुहारमा मेरै आमाको झल्को देखेँ। झोला हेर्नुभो, सबै कपडा मैला थिए। सबै कपडा झिकेर लेखनाथजीका कपडा फेर्न दिनुभयो। 'भोक लागेर आएको होलास्, के खाने ?' भन्नुभो। सबै कपडा धुन लाग्नुभयो। सामान्यतया आफ्ना कपडा आफैँ धुन्थेँ। यसबेला म अत्यन्त लखतरान भएर गलेको थिएँ। आमाले दिएको खानेकुरा खाएर म आराम गर्न गएँ। यो दिन र यो समय आमा शिवकुमारी घिमिरेको स्नेह, सद्भाव र म व्यक्तिप्रति थिएन, सिङ्गै पार्टी, देश र जनताप्रतिको स्नेह थियो। हाम्रो पार्टी आज जुन ठाउँमा छ, पार्टीलाई यसरी सबल पार्टीकी आमाहरूको लगनको योगदान छ।

## पार्टी एकताको आधार निर्माण गर्ने भुर्जुङखोला

भर्खरै २०३८ साल लागेको थियो। बर्खायामको आगमनले पृथ्वी बिस्तारै तात्दै थियो। यता पार्टीले इमर्जेन्सी राष्ट्रिय सम्मेलन गर्नुपर्ने वाध्यात्मक अवस्था आयो। कहाँ गर्ने, कसरी गर्ने, तयारी के के गर्ने भनेर सबैमा हुटहुटी र चिन्ता थियो। यस्तो अवस्थामा कास्की जिल्लाको विश्वेश्वर अधिकारी कमरेडले कास्की जिल्लाले जिम्मा लिन्छ भन्नुभयो। विभिन्न स्थानका विकल्प पनि राख्नुभयो। त्यसपछि उहाँकै प्रस्तावमा

विभिन्न सेल्टरहरूको निरीक्षणपछि भुर्जुङखोला भराभरी गाउँ पञ्चायतको छनोट भयो। कमरेड उद्वीर बुढाथोकीले कम्मर कसेर जिम्मा लिनुभयो। उहाँले भन्नुभयो, 'भुर्जुङ खोलाको त्यस स्थानमा जम्मा १७ घर छन्। त्यहाँ जाने बाटो विकट र ठाडो खोला तर्नुपर्छ। कार्यक्रम स्थलमा पुग्नुपर्ने साथीहरू पुगिसकेपछि त्यहाँ तर्ने काठे पुल झिक्न मिल्ने खालको छ। त्यो काठे पुल झिकेर सुरक्षित स्थानमा राखौँला, त्यसपछि कार्यक्रम ढुक्कसँग गर्न सकिन्छ।' हामी विश्वस्त भयौँ।

३९ जिल्ला र प्रवासका समेत प्रतिनिधि गरी करिब ४० जनाको त्यो सम्मेलन गर्न सामान्य थिएन। भर्खरै जनमतसङ्ग्रहबाट जित हासिल गरेका पञ्चहरू झनै उग्र भएका थिए। यस्तो बेला आयोजना हुन लागेको ठूलो कार्यक्रममा सुरक्षाको गम्भीर आकलन गर्न जरुरी थियो।

कार्यक्रम शान्त र भव्य रूपमा सम्पन्न भयो। विभिन्न १० वटा दस्तावेजसहित विधान परिमार्जन गर्नुपर्ने हुँदा कार्यक्रम पाँच दिनसम्म चल्यो। टाढाबाट आएका र प्रवाससमेतबाट आएका साथीहरूलाई भनेर ठिकै खालको राँगो काटेर व्यवस्था गर्नुपर्ने भयो। सबैले खानु भएन। तर माछापुच्छ्रेको ठ्याक्कै फेँदीमा भएको सम्मेलनका सहभागीहरूले जतिसक्दो छिटो नेकपा (माले) सँग एकता गर्ने निर्णय गर्नुभयो। २०४० वैशाख २१ गते पार्टी एकता गर्ने आधार निर्माण गर्ने श्रेय त्यहाँका सेल्टरदाता कमरेडहरूलाई पनि जान्छ।

## ६ वर्षे बालकको बुद्धिमत्ता

२०३२–३३ सालतिर तेमाल भेगमा बनेपाका एक जना साहुकारले करिब १३ घरको उठिवास लगाएका रहेछन्। खबर पाएपछि कमरेडहरूले चर्को ब्याज, जुवातास र महिला हिंसाविरुद्धको सङ्घर्षलाई तीव्र पार्नुभयो। यस क्रममा ज्याम्दी झगडिया डाँडाका कमरेडहरूले निकै बहादुरीका साथ गर्नुभएको चर्को ब्याजविरुद्धको सङ्घर्षमा सहभागीहरूमाथि जाली फटाहाहरूले भीमबहादुर तामाङ, शिव पराजुली, रणबहादुर तामाङ, कृष्ण पराजुलीलाई चर्को हमला गरे। शिव पराजुली र भीमबहादुरलाई त वीर अस्पताल ल्याएर उपचार गर्नुपऱ्यो। अन्यको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। ठाउँठाउँमा यस्ता घटना हुन थालेपछि समीक्षा र भावी कार्यक्रम तयार गर्न तेमाल गाउँपालिका चुखाबेसी एमिनटारका सुकवीर तामाङको घरमा बैठक बस्यो। माथिल्लो तलामा बैठक बसिरहेको थियो। एक जना शङ्कास्पद धावा तामाङ घरनजिकै आएको थाहा पाएपछि बैठकमा सहभागी सबै जना चुपचाप रहनुभयो। त्यो व्यक्ति घरको वरिपरि घुम्दै माथितिर हेर्न थाल्यो। आँगनमा खेलिरहेको ६ वर्षका बालक इन्द्र तामाङलाई

सोध्यो, 'घरमा को छ ? माथि मान्छेको आवाज जस्तो छ नि ?' सानो बालकले भन्यो, 'तपाईंको कान बजेको होला। घरमा त कोही पनि छैन।' हामी अचम्मित भयौँ। त्यसपछि त्यो मान्छेले सोध्यो, 'तिम्रा बा खोइ त ?' बालकले भन्यो, 'खापडाँडातिर गएका छन्।'

त्यो कलिलो बालक। करिब ६ वर्षको थियो। आमाले सिकाएजस्तो पनि लाग्दैन। त्यसरी एउटा दुर्घटना हुनबाट अबोध बालकले जोगाएको थियो। यस्ता घटनाहरू ठाउँ–ठाउँमा हुने गरेको भए पनि उक्त बालकले बुद्धिमत्ततापूर्ण सवालजवाफ गरेर शङ्कास्पद त्यो मानिसलाई खापडाँडातर्फ जाने बनाइदियो। साँझ परेपछि त्यो सेल्टरबाट हामी अन्यत्र लाग्यौँ।

भूमिगत ढङ्गले काम गर्दै जाँदा बालकहरू, वृद्धहरू, आमाहरू, दिदीबहिनीहरूले केवल बस्न र खान सेल्टर मात्रै दिनुभएको होइन, होसियारीपूर्वक सुरक्षा पनि दिनुभएको छ। यस्ता अनेक घटना स्मरणमा छन्।

**पार्टी एकताको व्यवस्थापन गर्ने सेल्टर**

दुवै पार्टीबीच लगातारको प्रयासपछि सफल भएको दिन हो– २०४० वैशाख २१ गते। यो महत्त्वपूर्ण सम्झौताको आयोजना चाबहिल महाङ्कालचौरका कमरेड जगदीश पौडेलको घरमा भएको थियो। बुवा माधव पौडेल, आमा कुन्तीदेवी पौडेल र शरद पौडेलसमेतको उत्साहपूर्ण व्यवस्थापनमा उक्त कार्यक्रम सम्पन्न भएको थियो। यो हस्ताक्षर समारोहमा माधव नेपाल, जीवराज आश्रित नेकपा (माले) का तर्फबाट हुनुहुन्थ्यो भने नेपाल मजदुर किसान पार्टीका तर्फबाट डा. डीबी सिंह, म र केबी पुन हुनुहुन्थ्यो। यी दुई महत्त्वपूर्ण पार्टीबीच एकताको अन्तिम हस्ताक्षर आफ्नो घरमा हुन लागेकामा आमा र जगदीश बढी हर्षित हुनुहुन्थ्यो। एकताको दस्तावेजमा हस्ताक्षर भएपछि हाम्रो शिरमा हात राखेर 'यो एकता पानी मिसिएको जस्तो होस्। दईवटा गिलासमा भएको सफा पानी मिसाएपछि, कुन पानी कुन गिलासको भनेर अलग गर्न सकिँदैन। त्यस्तै यो एकताले नेपाली क्रान्ति सफल बनाउन महत्त्वपूर्ण योगदान दिनेछ' भन्दै अत्यन्त स्नेह र सद्भाव व्यक्त गर्नुभएको थियो। कार्यक्रम सकिएपछि कमरेड जीवराज आश्रितले 'यो इतिहास रच्ने सेल्टर र आमाबुवासमेत कमरेड जगदीशको योगदान तपाईंहरूले कहिल्यै अवमूल्यन नगर्नुहोला' भन्नुभएको थियो। सेल्टरका सबै परिवारले अत्यन्त भावविभोर हुँदै हामीलाई बिदा गर्नुभएको थियो।

## पिस्कर दमनपछिको सिन्धुपाल्चोक

२०४० माघ १ गते सङ्क्रान्तिको मेलामा, नाचगान, पूजाआजा र हर्षोल्लास चलिरहेका बेला सिन्धुपाल्चोकको पिस्करमा अचानक बन्दुक पड्किएको आवाज आयो। किसान नेता वीरबहादुर थामी ढल्नुभयो। त्यसपछि इले थामी ढल्नुभयो। मेला–जात्राको रमझम राज्य आतङ्कमा बदलियो। नेपालका अल्पसङ्ख्यक थामी समुदायको त्यस बस्तीमाथिको यो दमन क्रूरताको पराकाष्टा थियो। दुई जनाले घटनास्थलमा र अरू ६ जनाले कोही हिउँमा चिप्लिएर, कोही ज्यान बचाउन भाग्दाभाग्दै भीरबाट लडेर ज्यान गुमाउनुभयो। ठूलो मात्रामा धरपकड भयो। सरेश नेपाल, अरूण नेपाल, जगतबहादुर बोहरा, सावित्री बोहरा, कृष्ण बोहरा, राम कार्की र नैनबहादुर पौडेल लगायत दर्जनौँ गिरफ्तार पर्नुभयो। कति भूमिगत हुनुभयो। जेल पर्नुभएका, घाइते हुनुभएका र बिरामी हुनुभएका कमरेडहरूको अवस्था अत्यन्त मार्मिक थियो। यस्तो अवस्थामा सिन्धुपाल्चोकका सेल्टरहरूको महत्त्व झनै बढ्यो, जनताको पीडामा साथ दिन पार्टीका कमरेडहरूको बसाइका लागि। यस्तो अप्ठ्यारो बेलामा पनि आफ्नो घरलाई सेल्टरका रूपमा स्थान दिने किसान कमरेडहरूको जति सम्मान गरे पनि थोरै हुन्छ। त्यस्तो अवस्थामा, पार्टीको निर्णय अनुसार कमरेड अमृत बोहरा र अष्टलक्ष्मी शाक्य मेची सरुवा हुनुभयो। माधव पौडेल सिन्धुपाल्चोकबाट दोलखा–रामेछाप स्थानान्तरण हुनुभयो। त्यसबेला मध्य–उत्तर क्षेत्रीय कमिटी, काठमाडौँबाहेक बागमती अञ्चलका सात जिल्ला र जनकपुर अञ्चलका रामेछाप र दोलखा जिल्ला, सगरमाथा अञ्चलका ओखलढुङ्गासमेत समेटेर गठन गरिएको थियो। धादिङदेखि ओखलढुङ्गासम्म यसै कार्यक्षेत्रभित्र पर्थ्यो। त्यसपछि सिन्धुपाल्चोकको कमाण्ड सम्हाल्ने जिम्मा मेरो काँधमा आयो। 'देख्नेबित्तिकै गोली हान्ने' आतङ्क भएको जिल्ला सिन्धुपाल्चोक र भक्तपुर जिल्ला सचिवको जिम्मा विज्ञान अर्थात् मलाई दिइएको थियो।

## तीन रुपैयाँको पोको, तीन लाखको पार्टी भावना

त्यति ठूलो दमन र आतङ्क हुँदा पनि पार्टीलाई जोगाउन योगदान गर्ने सेल्टर दिने, आफू सक्दो योगदान गर्ने कमरेडहरू र उहाँहरूका घर–परिवार धेरै नै हुनुहुन्छ। तर पनि छुटाउनै नहुने महत्त्वपूर्ण सेल्टरदाता कमरेड विजय थेबे (पाङ्ग्रेटार), भक्तबहादुर नेपाल (पाङ्ग्रेटार), नरकुमारी भण्डारी, तिलक भण्डारी (जेठुल), मनबहादुर थामी, मेघनाथ पौडेल (चोकटी), बिन्द्र ढकाल (रामचे), राम कार्की (धुस्कुन), जगतबहादुर थामी, सुकमान थामी, तिलकमान थामी, पूर्णमाया थामी, पालकामाया थामी (पिस्कर), रामचन्द्र बस्नेत र रामप्रसाद नेपाल (डडुवा), रामहरि ढकाल, यादव ढकाल, रामप्रसाद नेपाल, झमक नेपाल (भोटसिया), डम्बर अर्याल, धर्मकृष्ण श्रेष्ठ (मेलम्ची), अर्जुन

गिरी, कुलमान गिरी, भीमलाल गिरी (केउरेनी), पीताम्बर भण्डारी, वेदप्रसाद भण्डारी (किउल), कुमार खतिवडा (सेराफाँट महाङ्काल), पुरुषोत्तम पौडेल, माधव पाण्डे (थाङपालधाप), कृष्णराज श्रेष्ठ र सुवास कर्माचार्य (चौतारा) लगायत धेरै घरहरू आमाले जस्तै माया गर्ने, सुरक्षा दिने, विचार आदान–प्रदान गर्ने पार्टी र क्रान्तिप्रति समर्पित हुनुहुन्थ्यो।

उक्त उल्लेख भएकामध्ये कतिपय सेल्टरमा माधव पौडेल कमरेडले सम्पर्क दिँदै जानुभयो। पिस्कर गाउँको जिम्मेवारी हस्तान्तरण गर्न भनेर जेठुलसम्म साँझमा पुग्यौँ। अँध्यारो भैसकेको थियो। जेठुलको मूलबाटोबाट पाँचवटा बारीका पाटामुनि नरकुमारी भण्डारीको घर थियो। उहाँका जेठा छोरा तिलक भण्डारी हुनुहुन्थ्यो। पिस्करतर्फ जान सुरक्षाका कारण राती १० बजेपछि मात्रै त्यता लाग्नुपर्ने। भण्डारीको घरमा कालो ठूलो कुकुर थियो। त्यो कुकुरको विशेषता हामी भूमिगत कार्यकर्ता जाँदा नभुक्ने, माथि बाटासम्म आएर रिसिभ गरेर घर पुऱ्याउने, निस्कँदा माथि पिस्कर झर्ने गौँडासम्म पुऱ्याउने गर्थ्यो। तर भूमिगत कार्यकर्ताबाहेक आए भने वारिपारिको पहरै थर्काउने गरी भुक्ने गर्दो रहेछ। पिस्कर झर्ने गौँडामा पुगेपछि आँखाभरि आँसु पारेर हामीलाई बिदा गर्दा हामीलाई भावुक बनाउँथ्यो।

नरकुमारीकहाँ बसेर निकै राती मात्र पिस्करको जगत थामीको सम्पर्कमा पुग्यौँ। उहाँले अर्को घरमा लिएर जानुभयो। त्यहाँ ९/१० जना कमरेडहरू जम्मा हुनुभएको रहेछ। राती अबेलासम्म समसामयिक अवस्था, जेल परेका र घाइते भएका कमरेडहरूका बारेमा, अन्यत्र जानुभएका कमरेडहरूका बारेमा छलफल गऱ्यौँ। माधव पौडेलले अबदेखि उहाँ आउनुहुन्छ भनेर मलाई देखाउनुभयो। माधव पौडेल अन्त सरुवा हुनुभएको कुराले उहाँहरूलाई दुःखी बनाएको सहजै अनुमान गर्न सकिन्थ्यो। कार्यक्रम सकिनै लागेका बेला कमरेड पालकामाया थामीले एउटा पोको निकाल्नुभयो र भन्नुभयो– 'कमरेडहरू अहिले पार्टीलाई धेरै सङ्कट परेको छ। अप्ठेरो परेको छ। यस्तो बेलामा नै हो पार्टीलाई सहयोग गर्ने। मसँग धेरै वर्षदेखि राखेको केही पैसा छ। म पार्टीलाई अर्पण गर्न चाहन्छु।' पुरानो टालोमा पोको पारेको गरुङ्गो थैलो दिनुभयो। थैलोमा पुरानो जमानाका दुई पैसे, पाँच पैसे ठूलठूला आकारका तामाका पैसा रहेछन्। त्यही खोलेर गनियो, करिब ३ रुपैयाँ रहेछ। तौलको हिसाबले एक किलोभन्दा बढी थियो। पालकामायाको पार्टीप्रतिको त्यो श्रद्धा र भावना भने तीन रुपैयाँको हैन, ३ लाखभन्दा मूल्यवान् थियो। उहाँको पार्टीप्रतिको प्रेम, विश्वास र सम्मान अनमोल थियो, अमूल्य थियो। पालकामायाले अत्यन्त हँसिलो भएर त्यो पोको दिनुभएको थियो, तर

मेरा आँखाबाट आँसु रोकिएन। पार्टीप्रतिको त्यो प्रेम, विश्वास र अगाध समर्पण सम्झँदा त्यसले मलाई अझै पनि 'मैले पार्टी र देशका लागि केही गर्नुपर्छ' भन्ने ऊर्जा दिन्छ।

## काभ्रेका महत्त्वपूर्ण सेल्टर

काभ्रे जिल्लाभरिको मुख्य केन्द्रका रूपमा बनेपा ओकु टोलका ओम प्रधानको घर, जहाँ रघुराम वैद्यको डेरा थियो, त्यो नै जिल्लाको हेडक्वार्टर थियो। यो सेल्टरलाई ढपक्क ढाकेर सुरक्षा र आवश्यक साधन उपलब्ध गराउनेमा प्रमुख रूपमा शिला कतिला र उहाँको आमासमेत, क्याम्पस चिफ केदारनाथ प्रधान, गङ्गाबहादुर खेवा, श्रीकृष्ण धौभडेल, यसैगरी चौकोटका दलबहादुर श्रेष्ठको घर, नालाका सुरेन्द्र श्रेष्ठ, इन्द्र कर्माचार्य, तुलप्रसाद दाहाल, नालाकै राजकृष्ण गिरी, जनगालमा उद्धव केसी, केपी बञ्जारा, कान्छाराम तामाङ, माया तामाङ (ठाडे गाउँ), वेदप्रसाद सापकोटा (थुमागाउँ कुसादेवी), ठाकुर हुमागाई (कुसादेवी नयाँगाउँ), केपी सापकोटा (रयाले), रामप्रसाद अधिकारी, माधव अधिकारी लगायतका घरहरू अत्यन्त महत्त्वपूर्ण सेल्टरका रूपमा स्थापित छन्। केदारनाथ नेपाल (जोगीटार), अर्जुनबहादुर नेपाल (ज्वानेटार), रामहरि नेपाल (रायवारी), कमलप्रसाद सापकोटा –भगवान्) (नयाँ गाउँ), एकराज शाही (ढुडेनी), लक्ष्मीप्रसाद सापकोटा (विदुर बाबु)का घरहरू पनि पार्टीकै लागि समर्पित थिए भन्दा पनि हुन्छ। रामप्रसाद गुरागाईंका दुईवटा घर थिए। एउटामा शिक्षक गगन दाहाल बस्नुहुन्थ्यो। त्यो डेरा हाम्रो सुरक्षित र सजिलो सेल्टर थियो। गोपाल दनुवार (जुडिगाउँ), जहाँ माधव नेपालको प्रमुख आतिथ्यमा कृष्णप्रसाद सापकोटालाई पार्टी प्रवेश गराइएको थियो। आत्माराम पराजुली (फेदीको तिमल्सिना गाउँ), गणेश पराजुली (भतेरे डाँडा), कृष्ण पराजुली र शिव पराजुली (झगडिया डाँडा)को सेल्टर र शिवको आमा, बाटामुनि कान्छी आमाको भावना, स्नेह र पार्टी प्रेम उल्लेख्य छ। कृष्ण पौडेल, सुकवीर तामाङ, आसमान तामाङ, तारा त्रिपाठी, ईश्वरी पौडेल, उद्धव काफ्ले, शिव भूर्तेल, एकदेव जैसी, ठाकुर खकुरेलका घरमा लिएको आश्रय र आश्रयदाताको योगदान कहिल्यै बिर्सन मिल्दैन।

## जिल्ला र प्रदेशस्तरीय कार्यक्रम गरिएका सेल्टर

- काभ्रे जिल्लाको पहिलो जिल्लास्तरीय कार्यकर्ता भेला तथा प्रशिक्षण (२०४१)– साबिक सरस्यूर्खक गापको चुखाबेसी ऐमिनटारमा।
- ईश्वर पोखरेल, युवराज कार्की, सुरेश कार्की र मसमेत प्रशिक्षक रहेको जिल्लाको पहिलो ठूलो तीनदिने प्रशिक्षण कार्यक्रम।

- दोस्रो जिल्लास्तरीय कार्यक्रम– लक्ष्मीप्रसाद र केन्द्रप्रसाद ओझाको मेथिनकोटबेसीको घरमा।
- एकपटक र मध्यउत्तर क्षेत्रीय स्तरको एउटा र जिल्लास्तरीय एउटा प्रशिक्षण कार्यक्रम– भैँसेपाटीको उद्धव केसीको घरमा।
- एउटा भव्य कार्यक्रम– उग्रतारा जनगालकै केपी बन्जाराको घरमा।

## मध्यउत्तर क्षेत्रीय कमिटीको प्रशिक्षण भेला

पार्टीले चौथो राष्ट्रिय महाधिवेशनको तयारी गरिरहेको थियो। क्षेत्रीय तहका अगुवा कार्यकर्ता सहभागी भएर महाधिवेशनको वातावरण निर्माण गर्नुपर्ने अवस्था थियो। धादिङदेखि रामेछापसम्म नौ जिल्लाका अगुवा कमरेडहरूको सहभागितामा गरिने यो कार्यक्रम नीति, सिद्धान्त, कार्यक्रम, कार्यनीति, सङ्घर्षका स्वरूप र सङ्गठन व्यवस्थित बनाउनका लागि निकै महत्त्वपूर्ण थियो। कार्यक्रममा महासचिव झलनाथ खनाल, माधव नेपाल, केपी ओलीलगायतको अत्यन्त जिम्मेवार कमरेडहरूसमेत सहभागी हुने हुनाले सुरक्षाको विषय चुनौतीपूर्ण थियो। भूमिगत नेता–कार्यकर्ताको सुरक्षा र सुरक्षित ढङ्गले कार्यक्रमममा लैजाने र सम्पन्न भएपछि सुरक्षित ढङ्गले सम्बन्धित स्थानसम्म पुऱ्याउनु पर्ने थियो। यो सबै कुरालाई ध्यानमा राखेर नयाँगाउँ देउपुरको पुरुषोत्तम सापकोटा र दिलबहादुर तामाङ, वीरधन तामाङको घरमा गर्ने निर्णय भयो। यो स्थान तय गर्न केदारनाथ नेपाल, अर्जुनबहादुर नेपाल, रामहरि नेपाल, एकराज सही समेतको अत्यन्त महत्त्वपूर्ण योगदान थियो। कार्यक्रम स्थलसम्म महासचिवलाई लिएर जाने जिम्मा मैरै परेको थियो। उहाँको स्वास्थ्यका कारण अँध्यारोमा शरीर सन्तुलन नहुने अवस्था थियो। अँध्यारो रात, अप्ठ्यारो बाटो, टर्च बाल्न नपाइने अवस्थाबाट तोकिएको सेल्टरमा पुऱ्याउनु पर्ने हुँदा जाँदाजाँदै राती २ बजिसकेको थियो। यो कार्यक्रम अत्यन्त गम्भीर ढङ्गले सम्पन्न भयो। सहभागी कमरेडहरूको भावनामा पर्याप्त ऊर्जा दिने काम भयो। सुरक्षा दिइरहनुभएका कमरेडहरूलाई कथम् कदाचित् पुलिस वा शङ्कास्पद कोही आएमा 'स्याल आयो' भन्नु भनिएको थियो। तर साँच्चैको स्याल आएछ, अनि 'स्याल आयो' भनेर साथीहरू कराउन थाले। कार्यक्रमको बिट मार्ने क्रममा थियो। स्याल काण्डले अलि छिटो सुरक्षित स्थानतर्फ लाग्नुपर्ने अवस्था आयो। स्यालले खल्लो बनायो।

## धादिङ जिल्लाका सेल्टर

धादिङका सेल्टरहरूको चर्चा गर्दा स्यादुलका टीकादत्त थपलिया र हरि सिलवालको घर, पुष्प कँडेल र मीनराज कँडेलको घर, गोविन्द पन्तको घर, जगन्नाथ

नेपालको घर, पर्शुराम नेपालको घर, कृष्ण अर्यालको घर, रामप्रसाद अधिकारीको घर, मलेखुका सुरेन्द्रप्रसाद पाण्डे र राजेन्द्रप्रसाद पाण्डेका घरहरू सुरक्षित र सुव्यवस्थित थिए।

२०४४ फागुन १७–२० मा बसेको नेकपा (माले) को केन्द्रीय कमिटीको बैठकलाई सफल पार्न जिल्लाका प्रायः सबै जिम्मेवार कमरेडहरू र सेल्टरदाताको ठूलो योगदान रहेको छ। स्यादुलको टीकादत्त थपलिया र हरि सिलवालको घरमा भएको बैठक ऐतिहासिक थियो।

२०४२ सालमा तत्कालीन खाल्टे गाउँ पञ्चायतमा अखिल नेपाल किसान सङ्घ, केन्द्रीय कमिटीको बैठक आयोजना भएको थियो। नौ जनालाई अलग–अलग नौवटा बाटोबाट पुऱ्याउने क्रममा पुलकित ठाकुर र सिद्धिनाथ ज्ञवालीलाई त्यहाँ पुऱ्याउन त्यहाँका कमरेडहरूले अत्यन्तै कष्ट व्यहोर्नु परेको थियो। बैठक सम्पन्न गर्न स्थानीय कमरेडहरूको योगदान महत्त्वपूर्ण रहेको थियो।

### खतराबाट जोगिएको दोलखाको सेल्टर

दोलखा जिल्लाको पार्टी कामको विकासमा सेल्टर र सेल्टरदाता कमरेडहरूको भूमिका अत्यन्त मूल्यवान थियो। मुख्य सेल्टरहरूमा धनबहादुर थामी (लापिलाङ), लालकुमार केसी (बिगु), दलबहादुर तामाङ र लालमाया तामाङ (गैरीमुडी), ठोकप्रसाद सिवाकोटी (बैतेश्वर), प्रेमकुमार पाख्रिन, हर्कमान तामाङ (मिर्गे), पशुपति चौलागाईं, चन्द्रप्रसाद चौलागाइं, भक्तमाया चौलागाईं (काभ्रे मैनापोखरी), इन्द्रबहादुर खड्का (जिरी), अर्जुन बस्नेत, सरस्वती बस्नेत (सुरितिनेखु), रत्नवीर खाती, गुणलक्ष्मी खाती, गोपाल थपलिया, जगन्नाथ थपलिया (सुस्याक्षमावती) लगायत थिए। अर्को महत्त्वपूर्ण सेल्टर थियो, शिवप्रसाद भण्डारीको घर घ्याङ सुकाठोकर। यस घरमा २०४५ मङ्सिर ७ गते दोलखाको प्रथम जिल्ला अधिवेशन र त्यसपछि दुई दिन पार्टी प्रशिक्षण सञ्चालन गरिएको थियो। मुख्य प्रशिक्षकमा कमरेड केपी ओली हुनुहुन्थ्यो, अन्यमा म, युवराज कार्की, सुरेश कार्की लगायत थियौँ। करिब ५० जना सहभागी रहेको कार्यक्रम लगातार तीन दिन चलेको थियो। माथिल्लो तलामा कार्यक्रम हुँदै थियो। दोस्रो तलामा खाना पकाउने स्थाननिर दलिनमा आगो सल्किएछ। संयोगले मैले देखेँ र कमरेडहरूको प्रयत्नमा आगो निभाउन सफल भयौँ। कथम् कदाचित् समयमै आगो सल्केको नदेखेको भए सहभागी सबै कमरेडहरूको जीवन जोखिममा पर्ने थियो। कार्यक्रममा जेलबाट भर्खरै छुटेर आउनुभएका कमरेड केपी ओलीको प्रशिक्षण सबैका लागि निकै उत्प्रेरक रह्यो।

**चौथो महाधिवेशन**

कमरेड अशोक राई, नरेन्द्र पोखरेल, हीराबहादुर सुनुवार र सत्यनारायण मण्डलको अगुवाइमा रामेश्वर साह, गिरिधारी मैनालीसमेतको व्यवस्थापनमा चौथो राष्ट्रिय महाधिवेशनजस्तो महत्त्वपूर्ण कार्यक्रम भव्यतासाथ सम्पन्न भयो। यो महाधिवेशनको सफलतामा त्यहाँका कमरेडहरूको सुरक्षित र व्यवस्थित सेल्टरको ठूलो योगदान छ। महाधिवेशन सम्पन्न भएपछि सिराहा जिल्लाकै अर्को स्थानमा कमरेड चौधरी महतोको घरमा महासचिव मदन भण्डारीको अध्यक्षतामा केन्द्रीय कमिटीको पहिलो बैठक बस्यो। त्यही बैठकले वाममोर्चा गठन गर्ने, नेपाली काङ्ग्रेससँग वार्ता गरी निर्दलीय पञ्चायती व्यवस्थाविरुद्ध संयुक्त सङ्घर्ष गर्ने निर्णय भयो।

चौथो महाधिवेशनबाट कमरेड मदन भण्डारीले महासचिवको जिम्मेवारी प्राप्त गरेपछि पार्टीभित्र नयाँ रक्तसञ्चार भएको थियो। निर्दलीय तानाशाही व्यवस्थालाई परास्त गरी लोकतान्त्रिक व्यवस्था स्थापना गर्न पार्टीले देशैभरि क्रियाशीलता बढाएको थियो। महासचिव मदन भण्डारी र नेपाली काङ्ग्रेसका नेता गणेशमान सिंहको भेटपछि वाममोर्चा र नेपाली काङ्ग्रेसबीच सहकार्य अघि बढ्यो। वाममोर्चाको गठन पद्मरत्न तुलाधरको घरमा भएको थियो। औपचारिक रूपमा सहाना प्रधान र कमरेड तुल्सीलाल अमात्य अध्यक्ष रहने गरी अर्थात् दुई जना अध्यक्ष रहने गरी वाममोर्चा गठन गर्ने निर्णय २०४६ पुस २७ गते भयो र २०४६ माघ पहिलो हप्ता विधिवत् रूपमा वाममोर्चा गठन भयो। वाममोर्चामा अध्यक्ष सहाना प्रधान, अर्का अध्यक्ष तुल्सीलाल अमात्य र सदस्यहरू नीलाम्बर आचार्य, सुशील प्याकुरेल, शिवराज गौतम, राधाकृष्ण मैनाली, पदमरत्न तुलाधर रहनुभयो। त्यसपछि गणेशमान सिंहले 'अब आन्दोलन सफल हुन्छ' भनेर खुसी व्यक्त गर्नुभएको थियो। वाममोर्चाको पहिलो बैठक पनि पद्मरत्नकै घरमा बस्यो। दोस्रो बैठक ललितपुरको चाकोपाटमा रहेको मदनकाजी महर्जनको घरमा भएको थियो भने तेस्रो बैठक पूर्णमान महर्जनको डौवाहालको घरमा भएको थियो। यसरी पूर्णमान महर्जनको घरमा वाममोर्चाको बैठक भूमिगत रूपले भैरहेकै समयमा पूर्णमान महर्जनको विवाहमा लमीको भूमिका निभाउने हेम महर्जनले 'घरमा मान्छे देखिँदैन, यतिका जुत्ता कसको हो ?' भनेर सोधेपछि पूर्णमान महर्जन अलि अलमलमा पर्नुभएको अवस्था स्मरणीय थियो। तर यसलाई स्थानीय कमरेडहरूले सामान्यीकरण गर्नुभयो।

आन्दोलनको गति अघि बढ्दै गएपछि, सेल्टर, सम्पर्क र अन्य व्यवस्थापन आवश्यक बन्दै गए। आन्दोलन क्रमशः तात्दै गएपछि सोही अनुसार जनतामा सन्देश

पुऱ्याउन, पर्चा, पम्प्लेटको आवश्यकता पर्दै गयो। यसका लागि हामीले ‘बागमती प्रेस‘ र प्रेसका मालिक बेखाराज बज्राचार्यको योगदानलाई उच्च मूल्याङ्कन गर्नुपर्छ। जोसुकैले आफ्नो प्रेस, हाम्रो आन्दोलनका लागि प्रयोग गर्न दिने आँट गर्दैनथे। यो आन्दोलन उठाउन पूर्णमान महर्जनजस्ता युवाहरूका साथै परिपक्व र स्थापित स्थानीय व्यक्तित्वको सहभागिता आवश्यक पर्छ भनेर सोही अनुसारको भेला आयोजना गरिएको थियो।

पूर्णमान महर्जनसमेत युवा कमरेडहरूको सक्रियतामा गणेशमान डङ्गोलको अशोक सिनेमा हलको पछाडिको न्याखा टोलको घरमा ५० वर्षमाथिका खासगरी नगरभित्रका लब्ध प्रतिष्ठित व्यक्तित्वहरू करिब १५ जनाको भेला भएको थियो। त्यहाँ लोकतन्त्र प्राप्तिका लागि हामी सबै किन लागिपर्नु पर्छ, त्यसको स्थानीय मात्र होइन, राष्ट्रिय महत्त्व के छ ? लगायत विषयमा प्रशिक्षण गरिएको थियो। यो कार्यक्रमले पाटन जुरुक्क उठाउन ठूलो भूमिका निभाएको थियो।

२०४६ सालको आन्दोलन उत्कर्षमा पुऱ्याउन महत्त्वपूर्ण योगदान गर्ने प्रमुख सेल्टरदाताहरू डा. मुकुन्दबहादुर श्रेष्ठ (इपाटोल), श्रीराज जोशी (बकुबहाल), चतुर व्यञ्जनकार, गोविन्द व्यञ्जनकार, रमेश अवाले (च्यासल), पूर्ण महर्जन (डौबहाल), ज्ञानेन्द्र शाक्य (महापाल), ज्ञानबहादुर महर्जन, न्हुछेमान महर्जन, आशाकाजी महर्जन (गुइँटोल), डा. उमेश श्रेष्ठ (हौगाल सातदोबाटो), कृष्णनारायण घिमिरे (कुपण्डोल), सुशीलचन्द्र अमात्य, कमला अमात्य, रूपक र दीपक अमात्य (नयाँढल), मिठाराम बजगाईं, सुरेन्द्रमोहन शर्मा लगायत साथीहरू हुनुहुन्थ्यो। श्रीराज जोशीले त म, माधव पौडेल, मेदिनी खरेल, सन्ध्या श्रेष्ठ, सुरेन्द्रमोहनलगायतका कमरेडहरूका लागि घरै दिएजस्तो थियो।

विजय शाक्यलाई गोली लागेर बालबाल बाँचेकाले ज्यूँदो सहिद पनि भनिन्छ, उहाँले सेल्टर मात्र होइन, जीवनै दिनुभयो भन्दा अन्यथा हुँदैन।

यसै क्रममा ७ फागुन २०४६ बाट सुरु भएको आन्दोलन, जसमा ललितपुरकै कमरेड तुलसीलाल अमात्यले काठमाडौँको जुद्धशमशेरको शालिकनेरबाट नेतृत्व गर्नुभएको थियो, आन्दोलन देशव्यापी रूपमा सशक्त हुँदै गएको थियो। २०४६ चैत १७ गते बिहान करिब ९ बजे सामान्य कोणसभा हुँदै गरेको अवस्थामा सागरमानलाई मङ्गलबजारमा र ज्ञानबहादुर शाहीलाई सुन्धारामा गोली हानी हत्या गरेपछि स्थानीय जनताको रगत उम्लन थाल्यो। सबै अवस्थाको मूल्याङ्कन गरेर १८ गते पाटनलाई मुक्तक्षेत्र घोषणा गरियो। मुक्त क्षेत्रभित्र १ सय ३६ जना प्रहरी हाम्रो घेराभित्र थिए।

बहुदल घोषणा नभएसम्म मुक्तक्षेत्र खुला गरिँदैन भन्यौँ। यो सबै हाम्रो आँट र साहसको मुख्य स्रोत माथि उल्लेख गरिएका सेल्टरदाता र अगुवा कमरेडहरू नै हुनुहुन्थ्यो।

मुक्तक्षेत्रको गौँडा–गौँडामा स्थानीय जनताले पहरा दिइरहेका थिए। पूर्णमान महर्जनसमेतका युवा कमरेडहरूको भूमिका र साहस अवर्णनीय थियो। प्रत्येक गौँडामा गहिरा गहिरा खाल्टा खन्ने, फोहर सङ्कलन गर्ने डम्फरलाई सडकमा घोप्टाएर घरघरबाट आफूसँग भएका कोदालो, खुर्पा लगायतका घरेलु औजार लिएर सुरक्षा दिने काम भइरहेको थियो। पाटन मुक्तक्षेत्रको उत्साह र उपत्यका एवं देशैभरि जनताको उभारकै कारण २०४६ चैत २६ गते निर्दलीय पञ्चायती व्यवस्था ढल्यो र बहुदलीय व्यवस्था स्थापना भयो। ●